# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका 日本初ネパール語の新聞 First Nepalese Newspaper in Japan








वर्ष १९, अंक ०४, २०८२ माघ १६-२९ Vol. 19, No. 04, February 01-15, 2026


# जापानमा ताकाइची युगको उदय



❑ नेस डेस्क

टोकियो – सानाय ताकाइची ६४ वर्षिय यी आइरन लेडीले राष्ट्रवादको यस्तो लहर सिर्जना गरिन् कि दोस्रो विश्वयुद्धपछि जापानमा कुनै पनि दलले नपाएको दुईतिहाई बहुमत उनले आफ्नो पोल्टामा पारेकीछन् । तर यो जित सामान्य छैन, यसका पछाडि चीनसंगको चर्को विवाद, ताइवानको सुरक्षा र जापानको सैन्य शक्ति बढाउने एउटा ठूलो दाउ लुकेको छ । कसरी ताकाइचिको लोकप्रियता आकाशियो, चीनले किन उनलाई घाँटी छिनाउने धम्की दियो ? र अब ताकाइचिको यो जितले एशियाको शक्ति सन्तुलनमा कस्तो असर पार्ने छ ? त्यो भने हेर्दै जानुपर्नेछ ।

जापानको राजनीतिमा सन् १९५५ देखि एकछत्र राज गर्दै आएको लिबरल डेमोक्र्याटिक पार्टी (एलडीपी) पछिल्ला वर्षहरूमा संकटमा थियो । सन् २०२४ को अक्टुबरमा भएको निर्वाचनमा यो दलले नराम्रो पराजय ब्यहोर्नुपर्‍यो । ४ सय ६५ सदस्य भएको तल्लो सदनमा सामान्य बहुमतका लागि चाहिने २ सय ३३ सिटको साटो यो दल १ सय ९८ सिटमा खुम्चिएको थियो । यस्तो कठिन समयमा गत अक्टुबर ४ मा पार्टीको नेतृत्व सम्हाल्न आईपुगेकी हुन् सानाय ताकाइची । उनले प्रधानमन्त्रीको कुर्ची सम्हालेको केही हप्तामै एउटा ठूलो राजनैतिक जुवा खेलिन् । जनवरी २३ मा उनले संसद विघटन गरिन् र मात्र १६ दिनको समय दिएर मध्यावधि निर्वाचनको घोषणा गरिन् । विपक्षीहरू अलमलमा परे, उनीहरूले तयारी गर्ने मौका नै पाएनन् । गत आइतबार भएको मध्यावधि निर्वाचनमा ताकाइचीको एलडीपीले एक्लै ३ सय १६ सिट जितेर दुईतिहाई बहुमत हासिल गरेको छ । दोस्रो विश्वयुद्धपछि जापानको इतिहासमा यो पहिलो पटक हो कि कुनै एउटा दलले यति ठूलो बहुमत ल्याएको छ । तर प्रश्न उठ्छ एउटा डुब्नै लागेको जहाज जस्तो बनेको पार्टीलाई ताकाइचीले कसरी यो ऐतिहासिक उचाईमा पुर्‍याईन् ? यसको मुख्य कारण हो, चीन विरोधी राष्ट्रबाद । ताकाइचीको जितको रहष्य बुझ्न हामीले इतिहासको पाना पल्टाउनैपर्छ । दोस्रो विश्वयुद्धका बेला साम्राज्यबादी जापानले चीन र एकीकृत कोरियामा कब्जा जमाएको थियो । त्यतिबेला जापानको क्रुर सैन्य गतिविधिले चीनमा गहिरो चोट छोडेको थियो । र सन् १९४५ मा अमेरिकाले आणविक बम प्रहार गरेपछि जापानले आत्म समर्पण गर्नुपर्‍यो । त्यसपछि अमेरिकाले जापानमाथि एउटा यस्तो »» बाँकी पृष्ठ ८ मा

# भू-राजनीतिको चपेटामा आसन्न निर्वाचन

❑ नेस डेस्क

काठमाडौं – निर्वाचनको संघारमा उभिएको मुलुक यतिबेला आन्तरिक सुरक्षाको संवेदनशीलता र बाह्य भू-राजनीतिक स्वार्थको भुमरीमा फसेको छ । फागुन २१ को चुनाव नजिकिँदै गर्दा एकातिर लुटिएका हतियार र रक्षात्मक बनेको प्रहरी संगठनको चुनौती छ भने अर्कोतिर स्थापित पुराना शक्ति र विद्रोही नयाँ धारबीचको तीव्र ध्रुवीकरणले मुलुकको राजनीति 'प्रतिशोध' तर्फ धकेलिएको छ । झापा-५ को चुनावी रापदेखि मधेसको फेरिएको मनोविज्ञान र विदेशी शक्तिहरूको अदृश्य चलखेलसम्मका विषयलाई सुरक्षाविज्ञ एवं पूर्वडिआइजी हेमन्त मल्ल ठकुरीले निकै निर्मम ढंगले चिरफार गरेका छन् । प्रस्तुत छ, नेपाली समाचारका लागि मल्लसँग नृप रावलले गरेको कुराकानीको सम्पादित अंश :-




**देश चुनावको सम्मुखमा छ । राजनीतिक वाद-विवादले माहोल तातिएको छ । सुरक्षाको दृष्टिकोणले हेर्दा कतिपयले यो चुनाव सुरक्षित रूपमा सम्पन्न हुन कठिन छ, भनिरहेका छन्, तपाईं के देख्नुहुन्छ ?**

यसलाई हामीले दुईवटा पाटोबाट हेर्नुपर्छ । नेपाल अहिलेको अवस्थामा कति सुरक्षित छ भन्ने कुराको एउटा सूचक भनेको सामान्य जनजीवन हो । बिहान झिसमिसेमै स्कुल जाने बालबालिका हुन् वा अबेरसम्म हिँड्ने मानिसहरू, नेपाल अहिले बाहिरी रूपमा शान्त देखिन्छ । तर, निर्वाचनको सन्दर्भमा सुरक्षा चुनौतीहरू सँधैं रहन्छन् र शतप्रतिशत सुरक्षा कहिल्यै हुँदैन । अहिलेको मुख्य चिन्ता भनेको जुन २३-२४ गतेको आन्दोलन भयो, त्यसपछि नेपालमा सुरक्षा चुनौतीका नयाँ आयामहरू थपिएका छन् । काठमाडौंको सडकमा देखिएको ट्राफिक भद्रगोलदेखि अन्य प्रशासनिक क्षेत्रमा देखिएको अलमलले सुरक्षा संयन्त्रमा परेको दबाबलाई झल्काउँछ । अर्को महत्वपूर्ण कुरा, आजको मितिसम्म पनि ठूला राजनीतिक दलहरू चुनावलाई लिएर कन्फिडेन्ट देखिँदैनन् । जब राजनीतिक नेतृत्वमै अन्योल हुन्छ, त्यसले सुरक्षा निकायलाई थप चुनौतीपूर्ण अवस्थामा पुर्‍याउँछ ।

**आन्दोलनका क्रममा प्रहरीमाथि ठूलो भौतिक र मनोवैज्ञानिक मार परेको** »» बाँकी पृष्ठ ७ मा







## सम्पादकीय

# जापानको मध्यावधि निर्वाचनले दिएको सन्देश

फेब्रुअरीमा ८ मा सम्पन्न जापानको मध्यावधि निर्वाचनले जापानी लोकतन्त्रको परिपक्वता र जनताको चेतनाको स्पष्ट सन्देश दिएको छ। स्थायित्व, पारदर्शिता र उत्तरदायित्वलाई प्राथमिकता दिने जापानी जनताको राजनीतिक चेतना यस निर्वाचनमार्फत पुनः उजागर भएको छ। जापानजस्तो विकसित मुलुकमा पनि मध्यावधि निर्वाचन हुनु आफैमा गम्भीर राजनीतिक सन्देश हो। यसले तात्कालिन सरकारप्रति जनतामा देखिएको असन्तुष्टि, नीति-निर्माणमा देखिएका कमजोरी र बदलिँदो सामाजिक-आर्थिक अवस्थाप्रति नेतृत्वको पर्याप्त संवेदनशीलता नदेखिएको संकेत गर्दछ। बढ्दो महँगी, वृद्ध हुँदै गएको जनसंख्या, घट्दो जन्मदर, श्रमशक्तिको अभाव, विदेशी कामदार नीति तथा सामाजिक सुरक्षा प्रणालीजस्ता विषयहरूले आम मतदाताको निर्णयमा ठूलो भूमिका खेलेका देखिन्छन्।

यस निर्वाचनको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको शान्त, मर्यादित र व्यवस्थित रूपमा सम्पन्न मतदान प्रक्रिया हो। राजनीतिक प्रतिस्पर्धा तीव्र भए पनि हिंसा, अव्यवस्था वा प्रशासनिक हस्तक्षेपविना जनताले आफ्नो मताधिकार प्रयोग गर्न पाउनु लोकतन्त्रको सबल उदाहरण हो। हार-जितलाई सहज रूपमा स्वीकार गर्ने राजनीतिक संस्कारले जापानी समाजको लोकतान्त्रिक मूल्यलाई अझ बलियो बनाएको छ।

नेपालजस्ता विकासोन्मुख देशका लागि जापानको निर्वाचनबाट महत्वपूर्ण पाठ सिक्न सकिन्छ। पहिलो, राजनीतिक स्थिरता केवल बहुमतबाट होइन, जनताको विश्वासबाट प्राप्त हुन्छ। दोस्रो, सरकार जनताप्रति जवाफदेही हुन नसके लोकतन्त्रमा निर्वाचनमार्फत परिवर्तन अपरिहार्य हुन्छ। तेस्रो, नीति निर्माण गर्दा दीर्घकालीन सोच, तथ्यमा आधारित निर्णय र सामाजिक संवेदनशीलता आवश्यक हुन्छ।

साथै, जापानमा रहेका लाखौं नेपाली समुदायका लागि पनि यस निर्वाचनको अर्थ विशेष छ। जापानको राजनीतिक स्थिरता, आप्रवासन नीति र श्रम सम्बन्धी निर्णयहरूले प्रत्यक्ष रूपमा उनीहरूको जीवन र भविष्यलाई असर गर्छ। त्यसैले विदेशमा बसोबास गरिरहेका नेपालीले पनि त्यहाँको राजनीतिक घटनाक्रमलाई चासोका साथ हेर्नु आवश्यक छ।

यस निर्वाचनबाट सत्तारूढ दल एलडिपीले स्पष्ट दुईतिहाई बहुमत हासिल गरेको छ। जसअनुसार उक्त दलकी नेतृ सानाय ताकाइची पुनः जापानको प्रधानमन्त्रीमा पुनर्वहाली हुने भएकीछिन्। जापानी राजनीतिमा यो एउटा निर्णायक मोडको संकेत हो। उनी केवल एक जापानकी पहिलो महिला प्रधानमन्त्री मात्र होइनन्, उनी स्पष्ट रूपमै राष्ट्रवादी, सुरक्षा-केन्द्रीत र परम्परागत मूल्यको पक्षधर नेतृका रूपमा चिनिन्छिन्। उनको पुनर्वहालीले जापानको आन्तरिक नीति, विदेश नीति र सामाजिक संरचनामा केही मौलिक परिवर्तनहरू ल्याउने सम्भावना प्रबल देखिन्छ।

सबैभन्दा ठूलो परिवर्तन सुरक्षा र रक्षा नीतिमा देखिन सक्छ। ताकाइची लामो समयदेखि जापानको शान्तिवादी संविधानको धारा ९ लाई पुनर्व्याख्या वा संशोधन गर्नुपर्ने पक्षमा उभिँदै आएकी छन्। उनको नेतृत्वमा जापानले आत्मरक्षा क्षमतामा तीव्र विस्तार गर्न सक्छ, रक्षा बजेट बढ्न सक्छ र अमेरिका-जापान सुरक्षा सहकार्य अझ सशक्त बन्न सक्छ। यसले जापानलाई एशिया-प्रशान्त क्षेत्रमा अझ सक्रिय सुरक्षा भूमिकामा ल्याउनेछ। चीन र उत्तर कोरियाप्रति कडा दृष्टिकोण पनि उनको शासनकालको अर्को प्रमुख विशेषता बन्न सक्छ। सेनकाकु टापु विवाद, ताइवानको सुरक्षा र उत्तर कोरियाको क्षेप्यास्त्र कार्यक्रमजस्ता विषयमा जापान अझ स्पष्ट र आक्रामक कूटनीतिक लाइनमा जान सक्ने संकेत देखिन्छ। यसले क्षेत्रीय भू-राजनीतिमा जापानको उपस्थितिलाई मजबुत बनाउनेछ, तर कूटनीतिक तनाव बढ्ने जोखिम पनि रहनेछ।

आन्तरिक रूपमा, आर्थिक नीतिमा राष्ट्रवादी झुकाव बलियो हुन सक्छ। रणनीतिक उद्योगको संरक्षण, सेमीकन्डक्टर र रक्षा प्रविधिमा आत्मनिर्भरता र विदेशी निर्भरता घटाउने नीति प्राथमिकतामा पर्न सक्छ। यद्यपि, यसले खुला बजार अर्थतन्त्रमा केही सीमितता ल्याउन सक्ने आलोचना पनि हुने सम्भावना छ। विशेषत: विदेशी श्रमिक नीतिमा कडाइ आउन सक्ने संकेतहरू पनि छन्। यसले जापानमा बसोबास गर्ने नेपाली समुदायलगायत विदेशी कामदारलाई प्रत्यक्ष असर पार्न सक्छ।




# सचेत मतदाता, सक्षम नेतृत्व

विचार

✍ पवित्रा गौतम



देशभर चुनावी लहर चलिरहेको समय छ। राजनीतिक दलहरू भोटका लागि जनताको घरदैलोमा पुगिरहेका छन्। देशमा राजनीतिक अस्थिरताका कारण जनता मत खसाल्न बाध्य भइरहेका छन्। तर कहिले देख्ने होला हामीले चाहेको जस्तो सुन्दर नेपाल। यो त हामीजस्ता सोझा जनताको सपनामात्रै हो। देशमा रहेका प्रमुख पार्टी नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा, रास्वपासहित विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गरी सबै चुनावी मैदानमा होमिएका छन्।

राजनीति दलहरूले युवालाई प्राथमिकतामा राख्दा सामाजिकसँगै व्यवसायिक जीवनमा प्रसिद्धि कमाएका उम्मेदवार पनि प्रतिनिधिसभा सदस्यका लागि प्रतिस्पर्धामा उत्रिएका छन्। निर्वाचन प्रजातन्त्रको आधारभूत जग हो। यसमा जनप्रतिनिधि छानिन्छन्। निर्वाचनबाट जनताले प्रतिनिधि पठाउने लोकतान्त्रिक पद्धतिमा अहिले फागुन २१ को निर्वाचनका लागि देशभित्र नेताको दौडधुप चलिरहेको हो। निर्वाचन जनताको तथा जनहितमा लागू हुने लोकतन्त्रको मजबुत र असल अभ्यास हो। निर्वाचनमा आचारसंहिताका कुरा मुख्य हुन्छन्। निर्वाचन भनेको जनताको फैसला हो। राजनीति र निर्वाचन विधिको शासनमा उभिएका लोकतान्त्रिक नीति हुन्।

हामी लोकतान्त्रिक राज्यका नागरिक हौं, लोकतान्त्रिक राज्यको मूल नीति नै राजनीति हो। राजनीतिक दल र उम्मेदवारबीच मधुर हार्दिकता र शालिनता हुनुपर्छ। दलका नेता-कार्यकर्ताबीच हार्दिकता भयो भने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मर्यादित र मितव्ययी तुल्याउन सकिन्छ। यसले देशमा लोकतान्त्रिक राजनीतिक संस्कारको विकास भएको देखाउँछ। यही नीतिको आधारमा अन्य नीतिका आधारहरू तय हुन्छन्। संसद् एउटा नीति नियम तय गर्ने सर्वोच्च संस्था हो। त्यसैले राजनीतिक नेताहरूले किल्लाका रूपमा राखेका आफ्ना क्षेत्रहरूमा विकास गर्ने संकल्प र प्रतिबद्धतालाई भुल्नु हुँदैन।

प्रतिनिधिले प्रतिशोध र पूर्वाग्राही तरिकाले विभिन्न आक्षेप लगाई राजनीतिमा आफू तानिन खोज्नु किमार्थ राम्रो होइन। जिल्लाका प्रत्येक वडा र टोलमा कार्यकर्ताको उत्साह उपस्थितिबिना नेताहरूको कुनै मूल्य देखिँदैन। अझ कार्यकर्ताले नै नेतालाई उनीहरूको उम्मेदवारी क्षेत्रमा उभ्याउन जिताउन सघाइरहेका हुन्छन्। नेता जनताको भरोसा र कार्यकर्ताबिना आफ्नो मूल्य तौलन सक्दैनन्। अब नेताहरूको पछि लागेका कार्यकर्ताहरूले पनि जनतासमक्ष सही र विवेकपूर्ण ढंगले जनमत जनविचारलाई बुझ्न र बुझाउन सहयोग गर्नुपर्दछ। प्रचारप्रसारको सन्दर्भमा एक पार्टीले अर्को पार्टीलाई आक्षेप नलगाई, कुनै गालीगलौज बिनै प्रचारमा जुट्न सकिन्छ।

यसपालिको चुनावमा फेसबुक, ट्विटर आदि सामाजिक सञ्जालको भूमिका आक्रामकसँगै अराजक पनि बनेको छ। दल र उम्मेदवारहरूले सञ्जाललाई भरपूर प्रयोग गरेर चुनावी प्रचार गरिरहेका छन्। कतिपयले प्रयोगमात्रै गरेका छैनन्, दुरूपयोग पनि गरिरहेका छन्। सामाजिक सञ्जालमा व्यक्तिगत चरित्र हत्या गर्ने र साइबर क्राइमजन्य व्यवहारहरू प्रशस्त देखिन्छन्। अब दलहरूले सामाजिक सञ्जाल प्रयोग गर्ने आफ्ना कार्यकर्ताहरूलाई सभ्यरूपमा प्रस्तुत हुन सिकाउनै पर्छ। भाषण र प्रचार गर्ने क्रममा एकले अर्कोलाई होच्याउने, प्रतिशोध साँध्ने र पूर्वाग्रही तरिकाले बोल्ने काम गर्नुहुँदैन।

कतिपय ठाउँमा जनप्रतिनिधि जनतालाई झुक्याएर, घुस दिएर अथवा धम्क्याएर कुनै पद वा पैसाको लोभमा जबरजस्ती तिनको मत मागिरहेका हुन्छन्। जुन समाजमा अति घृणाको विषय हो। यहाँनेर मतदाताको राजनीतिक चेतना तथा शिक्षाको स्तर बढाउनुपर्ने देखिन्छ। जनतामा आशाभन्दा निराशा अथवा जनप्रतिनिधिसँग वितृष्णा बढ्दो देखिन्छ। पहिले आफैले चुनेर पठाएका प्रतिनिधिले आफ्ना संकल्प तथा देखाएका सपनाहरू पूरा नगरी फेरि आफूलाई जिताउन घरदैलोमा पुगेको देख्दा भने उनीहरू आत्तिएका छन्। यस्तो अवस्थाबाट जनता आजित छन्। चुनावमा आफ्नो पोल्टोमा जित ल्याउन गाउँघर पुगेका जनप्रतिनिधि जित हासिल गरेपछि सहर छिर्छन्, गाउँका दु:ख र आशाअपेक्षा बिर्सिदिन्छन्। जुन वास्तवमै तीतो सत्य र नमीठो यथार्थ हो। जनप्रतिनिधिले आफूलाई जिम्मेवार, जवाफदेहिताको भुइँबाट आफूलाई जनताले उठाएको भुल्नु राम्रो होइन।

अब जनताले पनि आफैलाई प्रश्न गर्ने समय आएको छ। आर्थिक रूपान्तरण, सामाजिक रूपान्तरण तथा रोजगारीका विभिन्न अवसरको लोभमा उनीहरूलाई सजिलै फसाइरहेका छन् नेताले। त्यसैले जनताले लाभ लिन सक्ने आर्थिक अवसरको खोजी हुनुपर्दछ। जनप्रतिनिधिले जनतासामु पुगेर स्वयंले संवाद गरी विश्वास दिलाउने र मत माग्ने काम गर्नु नै लोकतन्त्रको असल अभ्यास हो। उम्मेदवारहरूले पनि जनतालाई मतदान गर्ने मेसिन सम्झिनु हुँदैन। उनीहरूलाई सुखद् भविष्यको ग्यारेन्टी गर्न सक्ने नेतृत्व चाहिएको छ। कमसल प्रतिनिधिलाई हराउनै पर्छ।

समाजले राजनीतिमा लागेका देशका लागि केही गर्न सक्छु भन्ने अब्बल युवा छनोट गर्न सक्नु पर्दछ। जनताले चुनिरहेका जनप्रतिनिधिको पछाडि लागिरहेका कार्यकर्तासम्म नेताको अघि चुइँक्क बोल्न सक्दैनन्। अब उनीहरू बोल्नुपर्छ, सही नेतृत्वको पक्षमा उभिन सक्नुपर्छ, जान्नुपर्छ। उनीहरूलाई सल्लाह सुझाव दिनुपर्छ।

राजनीतिलाई मागीखाने भाँडो बनाएर समाज र जनता भाड्नु गलत हो। जनतामा राजनीतिक चेतनाको स्तर केही माथि उठेको जस्तो पनि देखिन्छ। त्यसैले अब दल र पार्टीभन्दा माथि उठेर व्यक्तिसँगै देशले जित्ने योग्य उम्मेदवार चयन गर्नुपर्छ। सहरी क्षेत्रमा बढ्दो सामाजिक सञ्जालको प्रयोग भएको देखिए पनि ग्रामीणमा भने मतदाता उम्मेदवारलाई देख्न भेट्न उनीहरूकै घरआँगनमा पुग्नुपर्छ। सोझा जनताको अमूल्य मत लिएर जनप्रतिनिधिले आफूलाई सत्तामा ल्याउन अनेकौं सपना बेचिरहेका छन्। अब सोझा जनताको भावनामा खेलवाड नगरौं।

नेताहरू गोजीमा देश बनाउने घोषणापत्र लिएर हिँडिरहेका छन्। चुनावी घोषणापत्र दलहरूको सिद्धान्त, उद्देश्य र योजना समेटिएको लिखित वाचा हो। त्यसैको आधारमा नागरिकहरूले आफ्ना मत दिन्छन्। दलहरूले मतदाता रिझाउनकै लागि पुरानै चुनावी घोषणापत्रमा विभिन्न सपना बुनेर आफूले उम्मेदवारी दिएको क्षेत्रमा निस्किएका छन्। जनता सामु ती कबुल गरेका संकल्पहरूलाई एउटा कागजको खोस्टो बनाई मतदातालाई झुक्याइरहेका हुन्छन्। उनीहरूको घोषणापत्र र भाषणमा गरिनेछ, छोडिनेछ, पुर्‍याइनेछ, बढाइनेछ यस्तै कैयौं शब्दले मतदातालाई भ्रममा पारिरहेका हुन्छन्। देश विप्रेषणमा आधारित छ, हामीसँग आर्थिक आधार र विभिन्न आर्थिक परिसूचक पर्याप्त बलिया पनि छैनन्। मुलुकको कहालीलाग्दो बेरोजगारी समस्या समाधान गर्न स्थानीय सरकारमार्फत नै सबै राजनीतिक दल आएका थिए।

अब भन्नुहोस् प्रतिनिधिसभाको चुनावमा कुन दलका कस्ता कस्ता घोषणापत्र होलान् त। बेरोजगारी घटेर कहाँ पुग्ला ? जनताले परिवर्तनको अनुभूति गर्न पाउँलान् ? देशको बेरोजगारी हेर्न कहीं पुग्नुपर्दैन कति लाख युवाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका छन् भन्ने हेरे पुग्छ। विगतका चुनावी घोषणापत्रहरू राजनीतिक दलहरूले नै हावादारी प्रमाणित गरिदिएका छन्। अब त्यस्तो नहोस्। यो भनेको आफ्नो घुँडामा आफै बन्चरो हानेसरह हो। अब त मतदाताले पनि जनप्रतिनिधिसँग जवाफ माग्ने हिम्मत गर्नुपर्छ। जनता आफै बोल्न सिकौं, तर्क गरौं, आफूलाई पनि मतदाता मात्रै होइन, समाजका लागि हामी पनि परिवर्तन चाहन्छौं भनेर सचेत नागरिकको परिचय दिन सिकौं। आफ्ना आवाज आफैं बुलन्द गर्न सिकौं। किनकि सचेत नागरिक हामी आफैं हौं। देशले जित्ने गरी आफ्नो उम्मेदवारलाई चुन्न र चिन्न सिकौं।

सँधैको जस्तै आवधिक निर्वाचन नभएर यो पटक विशेष परिस्थितिमा हुन लागेको विशेष निर्वाचन भएकोले यो निर्वाचनको महत्व निकै उच्च छ। फेरिएको परिवेशमा दलहरू जनतामा परीक्षित हुने यसपटकको निर्वाचनबाट आउने परिणामले देश र जनताको भविष्यसंग सरोकार राख्ने भएकोले हरेक नागरिकले सचेततापूर्वक आफ्नो मतको सदुपयोग गर्नु आजको आवश्यकता हो। अन्य पेशागत क्षेत्रमा सफलता हासिल गरी ख्याती कमाएकाहरू पनि यसपटकको निर्वाचनमा होमिएका छन्। फरक क्षेत्रमा मिलेको सफलताबाट चिरपरिचित भएकै भरमा राजनीतिमा पनि सोही अपेक्षा गर्नु जनताले कति जायज ठान्ने हुन् त्यो पनि हेर्न बाँकी छ। जेन्जी विद्रोहको मुल मर्म र भावनालाई केन्द्रमा राखेर निर्वाचनमा मत खस्यो भने मात्र सहादत प्राप्त जेन्जी सहिदहरूको आत्माले शान्ति पाउने छ। त्यसकारण दलहरू र तिनका उम्मेदवारहरू यतिबेला सबैभन्दा बढि जिम्मेवार र जबाफदेही हुनु आवश्यक छ। उरेन्ठेउला भाषणबाजी र हावादारी गफ छाँटेर अहिलेका सचेत जनताको मन र मत जित्न अब सजिलो छैन।

# विदेशीका लागि थप कडाइ गरिने



❑ नेस संवाददाता

टोकियो – जापान सरकारले विदेशी नागरिकहरूका लागि नियमहरू थप कडा बनाउने र सामाजिक सद्भाव प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ नीतिगत प्याकेज तयार गरेको छ। फेब्रुअरी ८ मा भएको प्रतिनिधि सभाको मध्यावधि निर्वाचनलाई दृष्टिगत गर्दै प्रधानमन्त्री सानाय ताकाइचीले यस विषयमा आफ्नो प्रतिबद्धता व्यक्त गर्न चुनावअघि नै यो कदम चालेकी हुन् ।

जस अनुसार जापान सरकारले विदेशी बासिन्दासँग सुव्यवस्थित र सामञ्जस्यपूर्ण सहअस्तित्व सुनिश्चित गर्न नयाँ नीति प्याकेज अनुमोदन गरेको छ । यसअन्तर्गत स्थायी बसोबास र अंगीकृत नागरिकता प्राप्त गर्न कडा मापदण्ड लागू गरिनेछ, न्यूनतम बसोबास अवधि बढाइनेछ र आवेदन जाँच प्रक्रिया थप कडाइका साथ गरिनेछ। विदेशी नागरिकहरूले कर र सामाजिक बीमा भुक्तानीमा ढिलाइ गर्न नपाउने गरी कडा व्यवस्था ल्याइनेछ । साथै, विदेशीहरूले जापानमा गर्ने जग्गा खरिदलाई राष्ट्रिय सुरक्षासँग जोडेर नयाँ नियम बनाउने तयारी सरकारले गरेको छ, जसको रूपरेखा आगामी गृष्म ऋतुसम्म तय गर्ने लक्ष्य छ ।

यसैगरी जापानी भाषा र सामाजिक मूल्य-मान्यता सिकाउने विशेष कार्यक्रम सुरू गरिनेछ । जसमा सहभागिता र प्रदर्शनले भिसा तथा बसोबास अनुमतिमा प्रभाव पार्नेछ। सरकारले यी सबै उपाय छिटो कार्यान्वयन गर्दै विदेशी आगमन व्यवस्थापन र जापानी समाजको सुरक्षा तथा एकता मजबुत बनाउने दाबी गरेको छ । सन २०२५ जुनको तथ्याङ्क अनुसार विदेशीहरूको जनसङ्ख्या करिब ३९ लाख ५० हजार पुगेको छ जसमा सबैभन्दा ठूलो हिस्सा चिनियाँ नागरिकहरूको छ भने त्यसपछि भियतनामी र कोरियाली नागरिकहरू रहेका छन् । पछिल्लो समय जापानमा कामदार र विद्यार्थीका रूपमा नेपालीहरूको सङ्ख्या पनि उल्लेख्य रूपमा बढिरहेका बेला सरकारको यो नयाँ नीतिले विशेष महत्व राख्ने देखिएको छ ।

# जापानले एकै वर्षमा ४ करोड पर्यटक भित्र्यायो



❑ नेस संवाददाता

टोकियो – जापानको पर्यटन मन्त्रालयका अनुसार सन् २०२५ मा जापान भ्रमण गर्ने विदेशी पर्यटकको संख्याले नयाँ ऐतिहासिक कीर्तिमान कायम गरेको छ। जापानी मुद्रा येन कमजोर हुँदा जापान भ्रमण विदेशीहरूका लागि सस्तो बनेको र यसको प्रत्यक्ष प्रभाव पर्यटक आगमनमा देखिएको मन्त्रालयले जनाएको छ । यस वर्ष पहिलो पटक जापान भ्रमण गर्ने विदेशी पर्यटकको संख्या ४ करोड नाघेको हो । पर्यटन मन्त्री कानेको यासुशीले मंगलबार पत्रकारहरूसँग कुरा गर्दै सन् २०२५ मा कुल ४ करोड २७ लाख विदेशी पर्यटक जापान आएको जानकारी दिए। कोरोना महामारीका कारण गम्भीर रूपमा प्रभावित पर्यटन क्षेत्रले सन् २०२४ मै उल्लेखनीय पुनरागमन गरेको थियो । सन् २०२४ मा ३ करोड ६८ लाखभन्दा बढी पर्यटक भित्रिँदा महामारी अघिको रेकर्ड तोडिएको थियो भने सन् २०२५ मा सो वृद्धिदर अझै तीव्र बनेको छ ।

यद्यपि समग्र पर्यटक आगमन बढे पनि छिमेकी मुलुक चीनबाट आउने पर्यटकको संख्यामा भने ठूलो गिरावट आएको छ। मन्त्री कानेकोका अनुसार डिसेम्बर महिनामा चीनबाट आउने पर्यटकको संख्या अघिल्लो वर्षको तुलनामा करिब ४५ प्रतिशतले घटेको छ । गत नोभेम्बरमा प्रधानमन्त्री ताकाइची सानाएले जापानी संसदमा 'ताइवान आपतकाल' सम्बन्धी टिप्पणी गरेपछि चीन-जापान सम्बन्धमा चिसोपना आएको थियो । त्यसपछि बेइजिङले आफ्ना नागरिकहरूलाई जापान भ्रमण नगर्न आग्रह गरेकाले चिनियाँ पर्यटक घटेको बताइएको छ । मन्त्री कानेकोले परिस्थितिलाई नजिकबाट निगरानी गर्दै चिनियाँ पर्यटकलाई पुनः आकर्षित गर्न आवश्यक कूटनीतिक र पर्यटनसम्बन्धी पहल गरिने बताएका छन् ।

# जापानमा खाद्य वस्तु सस्तिने

❑ नेस संवाददाता

टोकियो – जापानी प्रधानमन्त्री सानाय ताकाइचीले आगामी आर्थिक वर्ष २०२६ भित्र खाद्य तथा पेय पदार्थमा लाग्दै आएको ८ प्रतिशत उपभोग कर दुई वर्षका लागि स्थगन गर्ने योजना सार्वजनिक गरेकी छन् । उनले अप्रिलबाट सुरू हुने आर्थिक वर्षभित्रै यो व्यवस्था कार्यान्वयन गर्ने लक्ष्य रहेको बताएकी हुन् । फेब्रुअरी ८ मा भएको तल्लो सदनको निर्वाचनमा कर कटौती प्रमुख बहसको विषय बनेको समयमा प्रधानमन्त्रीको यो घोषणा आएको हो ।

यो दुई वर्षे कर छुटको अवधिले 'रिफन्डेबल ट्याक्स क्रेडिट' (कर फिर्ता) प्रणाली तयार र कार्यान्वयन नहुँदासम्मको समयलाई जोड्ने पुलको काम गर्नेछ ।' प्रधानमन्त्री ताकाइचीका अनुसार दुई वर्षे कर छुटको अवधिले 'रिफन्डेबल ट्याक्स क्रेडिट' (कर फिर्ता) प्रणाली तयार र कार्यान्वयन नहुँदासम्मको समयलाई जोड्ने पुलको काम गर्ने विश्वास लिएकी छन्। गएको अक्टोबरमा प्रधानमन्त्री बनेपछि संसदमा गरेको नीतिगत सम्बोधनमा उनले बढ्दो जीवनयापन खर्च नियन्त्रणलाई प्राथमिकतामा राखेकी थिइन्। साथै, निम्न र मध्यम आय भएका घरपरिवारलाई लक्षित गर्दै आयकर छुट र नगद राहतको मिश्रित प्रणाली ल्याउने प्रतिबद्धता पनि जनाएकी थिइन्। हाल जापानमा खाद्य तथा पेय पदार्थमा ८ प्रतिशत र अन्य अधिकांश वस्तुमा १० प्रतिशत उपभोग कर लागू छ। यसैबीच संसदको तल्लो सदनमा सबैभन्दा ठूलो विपक्षी दल बनेको मध्यमार्गी दल सेन्ट्रिस्ट रिफर्म अलायन्सले खाद्य कर पूर्ण रूपमा खारेज गर्ने विषयलाई आफ्नो चुनावी एजेन्डा बनाएको छ। सह-नेता योसिहिको नोदाले कर खारेजका लागि करिब १० ट्रिलियन येन आवश्यक पर्ने बताउँदै बन्ड जारी नगरी यसै वर्षभित्र कार्यान्वयन गर्ने दाबी गरेका छन्। उता, डेमोक्रेटिक पार्टी फर द पिपुलका प्रमुख युइचिरो तामाकीले २०२६ को समयसीमामा असहमति जनाउँदै उपभोग कर ५ प्रतिशतमा झार्ने विषयमा गहन छलफल आवश्यक रहेको बताएका छन् ।

# संरचना खुम्च्याउँदै जापान पोस्ट


❑ नेस संवाददाता

टोकियो – जापान पोस्ट होल्डिङ्सले आफ्नो कार्यदक्षता अभिवृद्धि गर्न र सेवालाई थप चुस्त बनाउन करिब २० प्रतिशत हुलाक तथा पार्सल वितरण केन्द्रहरू कटौती गर्ने तयारी गरेको छ । एक पत्रकार सम्मेलनमा बोल्दै जापान पोस्ट होल्डिङ्सका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत नेगिसी काजुयुकीले आगामी तीन वर्षभित्र करिब ५०० वटा वितरण केन्द्र घटाउने योजना रहेको जानकारी दिएका हुन् ।

उनले भने, 'हामी आगामी तीन वर्षमा वितरण केन्द्रहरूको संख्या ५ सयले घटाउने विषयमा अध्ययन गरिरहेका छौं । यस कटौतीले वितरण केन्द्रहरूको क्षेत्रीय सन्तुलनमा पार्ने प्रभाव र यसको समयतालिकाबारे हामी गम्भीरतापूर्वक विश्लेषण गरिरहेका छौं ।'

अध्यक्ष काजुयुकीले आगामी मे महिनामा सार्वजनिक गरिने कम्पनीको मध्यकालीन व्यवस्थापन रणनीतिमा यससम्बन्धी विस्तृत योजना समेट्ने अपेक्षा व्यक्त गरे। साथै, उनले यस पुनर्संरचनाबाट सर्वसाधारणले प्राप्त गर्ने हुलाक तथा पार्सल सेवामा कुनै पनि प्रकारको प्रतिकूल असर नपर्ने कुरामा जोड दिएका छन्। हाल जापान पोस्टसँग करिब ३ हजार वितरण केन्द्रहरू सञ्चालनमा छन् । तर, जापानको घट्दो जनसंख्यासँगै हुलाक मार्फत पठाइने सामग्रीहरूको संख्यामा आएको गिरावटका कारण कम्पनीले यो कदम चाल्न लागेको हो । वितरण केन्द्रहरू घटाए पनि कम्पनीले देशभर रहेका आफ्ना करिब २४ हजार हुलाक कार्यालयहरूको नेटवर्कलाई भने यथावत राख्ने योजना बनाएको छ ।













# फागुन २१ को महासंग्राम : जहाँ हुँदै छ रोचक भिडन्त




❑ नेस संवाददाता

काठमाडौं - आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनसँगै देशभर चुनावी गतिविधि तीव्र बनेको छ। १६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवारको मनोनयन दर्ता पूरा भएपछि प्रतिस्पर्धा स्पष्ट हुँदै गएको छ। विशेषगरी केही निर्वाचन क्षेत्रको समीकरणले राष्ट्रिय राजनीतिमा चासो बढाएको छ। कोशी र मधेश प्रदेशका निर्वाचन क्षेत्रहरूमा देखिएको प्रतिस्पर्धाले भावी सत्ता समीकरण र संसद्को संरचनामा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ। यसैबीच झापा क्षेत्र नम्बर ५ सबैभन्दा चर्चामा रहेको क्षेत्र बनेको छ। यहाँ नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) बीच प्रत्यक्ष प्रतिस्पर्धा हुँदैछ। ओली आठौं पटक प्रतिनिधिसभा सदस्य बन्ने प्रयासमा छन् भने काठमाडौं महानगरपालिकाको मेयर पदबाट राजीनामा दिएर बालेन संघीय राजनीतिमा प्रवेश गरेका हुन्। बालेनले झापामा युवालाई केन्द्रमा राखेर चुनावी अभियान चलाइरहेका छन्। उनका पक्षमा कांग्रेस र एमालेका केही स्थानीय युवा नेता खुलेपछि प्रतिस्पर्धा चर्किएको छ। यद्यपि ओलीको यस क्षेत्रमा लामो राजनीतिक अनुभव र अघिल्लो निर्वाचनमा प्राप्त ५२ हजारभन्दा बढी मत उनको बलियो पक्ष मानिएको छ। झापा-५ मा नेपाली कांग्रेसबाट मन्धरा चिमोरिया र नेकपाबाट रञ्जित तामाङ उम्मेदवार बनेका छन्। निर्वाचन नजिकिँदै जाँदा यस क्षेत्रको नतिजाले राष्ट्रिय राजनीतिमा प्रभाव पार्ने अपेक्षा गरिएको छ।

## मधेश झरेका गगनलाई अमरेशको चुनौती



❑ नेस संवाददाता

काठमाडौं - काठमाडौं-४ छोडेर सर्लाही-४ रोजेका कांग्रेस सभापती गगन थापाको उम्मेदवारीले मधेशको चुनावी माहोल तताएको छ। कांग्रेसले भावी प्रधानमन्त्रीका रूपमा अघि सार्ने तयारी गरेका थापाले मधेशबाट शक्ति आर्जन गर्ने रणनीति लिए पनि त्यहाँको बाटो सहज छैन। विशेष महाधिवेशनबाट नेतृत्वमा उदाएका थापालाई सोही क्षेत्रका निवर्तमान सांसद एवं रास्वपाबाट उम्मेदवार बनेका अमरेशकुमार सिंहले कडा टक्कर दिँदैछन्। एमालेले अन्तिम समयमा उम्मेदवार फेरेर शिवपुजन यादवका छोरा अमनिस यादवलाई अघि सारेपछि यहाँको प्रतिस्पर्धा त्रिपक्षीय पेचिलो बनेको छ।

## चितवन-३ दुई 'आइरन लेडी' को भिडन्त

❑ नेस संवाददाता

काठमाडौं - आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा चितवन-३ लाई महत्वपूर्ण निर्वाचन क्षेत्रका रूपमा हेरिएको छ। विकास र सुशासनको विषयलाई मुख्य मुद्दा बनाउँदै यस क्षेत्रमा नेकपाकी उम्मेदवार रेणु दाहाल र राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार सोविता गौतमबीच प्रतिस्पर्धा हुँदैछ। भरतपुर महानगरपालिकामा दुई कार्यकाल नेतृत्व गरेकी रेणु र संघीय संसदमा प्रभावशाली उपस्थिति जनाएकी सोविताबीचको प्रतिस्पर्धालाई चासोका साथ हेरिएको छ।
यसैगरी झापा-२ मा नेकपा एमालेका पूर्वसभामुख देवराज घिमिरे र रास्वपाकी पूर्वउपसभामुख इन्दिरा रानाबीच प्रत्यक्ष प्रतिस्पर्धा हुँदैछ। दुवै पूर्वविशिष्ट पदाधिकारी भएकाले यो क्षेत्र पनि चर्चामा छ।
गुल्मी-१ मा नेपाली कांग्रेसका चन्द्र भण्डारी र एमालेका प्रदीप ज्ञवालीबीचको परम्परागत प्रतिस्पर्धामा यसपटक रास्वपाका सागर ढकालको उपस्थितिले नतिजा अनुमान गर्न कठिन बनाएको छ। डोल्पामा भने नेकपाका धनबहादुर बुढा र कांग्रेसका कर्णबहादुर बुढा सहोदर दाजुभाइबीच प्रतिस्पर्धा भइरहेको छ। यस निर्वाचनमा कोशी र मधेश प्रदेशलाई निर्णायक मानिएको छ। कोशीमा एमाले अध्यक्ष केपी शर्मा ओली, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र रास्वपाको राजनीतिक प्रभावको परीक्षण हुँदैछ। मधेशमा भने गगन थापा, सिके राउत, उपेन्द्र यादव र महन्थ ठाकुरजस्ता नेताहरूको राजनीतिक भविष्य यसै प्रदेशसँग जोडिएको छ।रास्वपाले पुराना दलका प्रभावशाली क्षेत्र तोड्ने रणनीति लिएको छ भने परम्परागत दलहरू आफ्नो राजनीतिक आधार जोगाउन सक्रिय छन्। यस कारण यो निर्वाचनलाई हालसम्मकै सबैभन्दा चासोपूर्ण निर्वाचनका रूपमा हेरिएको छ।

## प्रमुख दलबाट १४ जना मात्रै जेनजी उम्मेदवार

❑ नेस संवाददाता

काठमाडौं - भदौ २३-२४ मा भएको जेन-जी विद्रोहपछि हुन लागेको निर्वाचनमा उक्त उमेर समूहका उम्मेदवारको संख्या निकै न्यून देखिएको छ। निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम उम्मेदवार सूचीअनुसार जेन-जी उमेर समूह (२५-२८ वर्ष) का उम्मेदवार जम्मा १ सय ५३ जना मात्र छन्, जुन कुल उम्मेदवारको करिब ४ दशमलव ५ प्रतिशत मात्र हो।
दाबी-विरोध, उम्मेदवारी फिर्ता र खारेज प्रक्रियापछि निर्वाचन आयोगले शुक्रबार ३ हजार ४ सय ६ जना उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गरेको हो। प्रारम्भमा ३ हजार ४ सय ८७ जनाले उम्मेदवारी दर्ता गराएकामा ७२ जनाले नाम फिर्ता लिएका छन् भने नौजनाको उम्मेदवारी खारेज भएको छ।
संविधानअनुसार प्रतिनिधिसभा सदस्य उम्मेदवार बन्न न्यूनतम उमेर २५ वर्ष पूरा भएको हुनुपर्छ। यस आधारमा २५ देखि २८ वर्ष उमेर समूहका १ सय ५३ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। तीमध्ये अधिकांश उम्मेदवार स्वतन्त्र रहेका छन्। ठूला दलहरूमध्ये एमाले र नेकपाबाट एक-एक जना जेन-जी उमेर समूहका उम्मेदवार मैदानमा छन् भने नेपाली कांग्रेसले यस उमेर समूहबाट कुनै पनि उम्मेदवार अघि सारेको छैन। राष्ट्रिय स्वतन्त्र पार्टीले नौ जना जेन-जी उम्मेदवार खडा गरेको छ भने राप्रपाले तीन जनालाई उम्मेदवार बनाएको छ। यसका अतिरिक्त नेमकिपा, जनमत पार्टी, श्रम संस्कृति पार्टी, मंगोल अर्गनाइजेसन लगायतका दलबाट पनि जेन-जी उमेर समूहका उम्मेदवार छन्। स्वतन्त्र उम्मेदवारमध्ये ८२ जना जेन-जी उमेर समूहका छन्, जसमध्ये १५ जना महिला रहेका छन्।

भिजिट भिसामा
जापानबाट अमेरिका
AFFORDABLE AND EASY DOCUMENTATION SERVICE
(साथै क्यानडा, अस्ट्रेलिया, युके लगायतका अन्य देशहरुमा
भिजिट भिसामा जानुपरेमा आवश्यक डकुमेन्टेसनका लागि सम्पर्क गर्नुहोला)
CALL NOW !
080-4150-5314
OR MESSAGE US ON
m.me/gmtjpn
080-4150-5314
GMT INTERNATIONAL CO., LTD.
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax : 03-5937-5314

तपाईहरुकै प्रतिक्षामा भेटघाट
तपाईहरुकै रोजाई अनुसार स्वादिष्ट परिकारका साथमा सबैखाले भेटघाट, बैठक, रमाईलो रमझम सहित बर्थ डे लगायतका विभिन्न पार्टीहरु गर्नुपरेमा वा आफ्ना चेलीबेटी तथा पाहुना खुवाउनुपरेमा सँधै हामीलाई सम्झनुहोला। यहाँहरुको सन्तुष्टि नै हाम्रो सफलता हो।
Contact Number : 03-5338-4066 | 03-5338-4067
भेटघाट नेपाली रेष्टुरेन्ट BHETGHAT NEPALI RESTAURANT
JR Yamanote Line, Shin-Okubo Station (Only 2 minute walk)
1-11-31 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hour: Daily 10:00 - 24:00

कुनै पनि भिसा र इमिग्रेशन सम्बन्धि कामको लागि हामीलाई सम्झनुहोला
१) बिजनेश भिसा बनाउनुपरेमा
२) कम्पनी खोल्नुपरेमा
३) अन्तर्देशिय विवाह तथा डिभोर्स गर्नुपरेमा
४) एइज्युकेन एप्लाई गर्नुपरेमा
५) वर्किङ भिसामा नेपालबाट कोही बोलाउनुपरेमा
६) भिसा नविकरण गर्नुपरेमा
७) जापानी पासपोर्ट एप्लाई गर्नुपरेमा
८) भिसा परिर्वतन गर्नुपरेमा
Visa Service Gyoseishoshi
行政書士 古市 展宏
日行連登録 第 19081782 号
〒158-0087 東京都世田谷区玉堤 1-13-32-10
03-6670-5305
090-2334-4601 (Viber OK)

जापानको लाइसेन्स सेन्टरमा दर्ता भएको पहिलो र एकमात्र नेपाली ड्राइभिङ स्कुल
届出自動車教習所
PRABHU DRIVING School Japan
Since 2017
जेरोबाट ड्राइभिङ सिकेर लाइसेन्स निकाल्न तथा नेपाली ड्राइभिङ लाइसेन्सलाई जापानीमा परिवर्तन गर्न हामीलाई सम्झनुहोस्।
DISCOUNT 10% ON DRIVING FEE
MORE INFO. 03-5937-4250
(Viber, WhatsApp OK)
080-9027-6114
080-3352-8032
090-9630-7381
TRAINING SPOT
SASHIOGI STATION, SAITAMA
埼玉県さいたま市西区宝来 84
HEAD OFFICE
SHIN OKUBO STATION, TOKYO
169-0077 東京都新宿区百人町1-11-31
新大久保ビルディング1,401
STATION: JR LINES: OKUBO/SHINOKUBO

# वैदेशिक रोजगारीका लागि १५१ मुलुक पुगे नेपाली



❑ नेस संवाददाता

काठमाडौं – सरकारले वैदेशिक रोजगारीका लागि १ सय १० मुलुकलाई अनुमति दिए पनि नेपाली कामदारको वास्तविक गन्तव्य १५१ मुलुकसम्म फैलिएको देखिएको छ । सुरक्षित भविष्य र राम्रो आम्दानीको खोजीमा युवा विदेशिँदा सरकारी अनुमति र व्यवहारिक अवस्थाबीच ठूलो अन्तर देखिएको छ ।

लाखौं नेपाली विदेशिँदै गर्दा नेपालले हालसम्म १३ मुलुकसँग मात्र द्विपक्षीय श्रम सम्झौता गर्न सकेको छ । श्रम कूटनीतिमा ढिलाइ हुँदा धेरै नेपाली कामदार कानूनी सुरक्षा र अधिकारको प्रत्याभूति विना नै काम गर्न बाध्य छन् । वैदेशिक रोजगार विभागको तथ्याङ्कले सरकारले अनुमति नदिएका ५२ मुलुकमा पनि नेपाली पुगेको देखाएको छ । हाल नेपालले कतार, साउदी अरब, दक्षिण कोरिया, मलेसिया, जापान, युएई, बेलायतलगायत सीमित मुलुकसँग मात्र श्रम सम्झौता गरेको छ ।

खाडी मुलुक कुवेतमा ठूलो संख्यामा नेपाली पुगे पनि त्यहाँ अझै सम्झौता भएको छैन । श्रम मन्त्रालयका अनुसार ओमानसँग सम्झौता अन्तिम चरणमा छ र साउदीसँग नयाँ सम्झौता हुने तयारी भइरहेको छ । जोखिमको सूचीमा रहेका इराक, लिबिया, सुडान, सोमालिया र कंगोजस्ता मुलुकमा समेत नेपाली पुगेको तथ्याङ्कले वैदेशिक रोजगारी अझै असुरक्षित रहेको देखाउँछ ।

# स्वास्थ्य बिमामा चुक्यो सरकार

❑ नेस संवाददाता

काठमाडौं – जेन-जी आन्दोलनपछिको संवेदनशील समयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी सम्हालेकी स्वास्थ्य मन्त्री डा. सुधा गौतम शर्माले आफ्नो तीन महिनाको कार्यप्रगति सार्वजनिक गरेकी छन् । पत्रकार सम्मेलनमार्फत उनले चुनावी सरकारको मन्त्री भए पनि स्वास्थ्य क्षेत्र सुधारका लागि नीतिगत र संरचनागत पहल गरिएको दाबी गरिन् । २०८२ कात्तिक १० गते पदबहाली गरेकी मन्त्री शर्माले जेन-जी आन्दोलनका घाइतेको उपचार व्यवस्थापन, मातृ तथा नवजात शिशु स्वास्थ्य, मानसिक स्वास्थ्य, वैदेशिक रोजगारीमा रहेका श्रमिकको स्वास्थ्य, औषधि खरिद-आपूर्ति, प्रयोगशाला सुधार र स्वास्थ्य बीमालाई प्राथमिकतामा राखिएको बताइन् । उनका अनुसार आन्दोलनका १ सय ८९ जना घाइतेको विवरण गृह मन्त्रालयमा पठाइएको छ, निःशुल्क उपचारको व्यवस्था गरिएको छ र सहीद परिवारका लागि आजीवन निःशुल्क उपचार सुनिश्चित गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पठाइएको छ ।

त्यसैगरी स्वास्थ्य बीमा, स्वास्थ्य सेवा, औषधि, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान तथा स्वास्थ्यकर्मी सुरक्षासम्बन्धी ऐन अध्यादेशमार्फत संशोधन प्रक्रिया अघि बढाइएको जानकारी दिइयो । यी पहलले मन्त्रीको कार्यशैली सक्रिय र निर्णयमुखी देखिएको भन्दै सरोकारवालाले सकारात्मक प्रतिक्रिया दिएका छन् । तर कार्यकालको मुख्य चुनौती स्वास्थ्य बीमा कार्यक्रममै देखिएको छ । प्राथमिकतामा राखिएको भनिएको स्वास्थ्य बीमाको बक्यौता रकम तीन महिना बितिसक्दा पनि निकासा हुन सकेन । भुक्तानी नपाएपछि स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशकले राजीनामा दिएका छन् भने त्रिवि शिक्षण अस्पतालले माघ १ गतेदेखि बीमा सेवा बन्द गरेको छ । यसले आर्थिक रूपमा कमजोर नागरिक उपचारबाट वञ्चित हुने अवस्था सिर्जना गरेको भन्दै मन्त्रालयको कार्यान्वयन पक्षमाथि प्रश्न उठ्न थालेका छन् । स्वास्थ्य विज्ञहरूले स्वास्थ्य बीमालाई तत्काल वित्तीय संकटका रूपमा लिएर बक्यौता निकासा र दीर्घकालीन सुधार आवश्यक रहेका बताएका छन् ।

# बढे शंकास्पद गतिविधि गर्ने विदेशी

❑ नेस संवाददाता

काठमाडौं – नेपाल बसाइको कानूनी अनुमति (भिसा) को उद्देश्यविपरीत अवैध तथा शंकास्पद गतिविधिमा संलग्न भएको आरोपमा अध्यागमन विभागले दुई विदेशी नागरिकलाई पक्राउ गरेको छ । व्यवसायको आवरणमा अवैध धन्दा चलाएको आरोपमा एक चिनियाँ र बालगृहको नाममा धर्म प्रचार गरेको अभियोगमा एक अमेरिकी नागरिक पक्राउ परेका हुन् । अध्यागमन विभागका अनुसार चिनियाँ नागरिकलाई काठमाडौंको ठमेलस्थित पक्नाजोलबाट र अमेरिकी नागरिकलाई ललितपुरको गोदावरीबाट नियन्त्रणमा लिइएको हो । गोप्य सूचनाका आधारमा निगरानी बढाइएपछि उनीहरू पक्राउ परेका हुन् । प्रारम्भिक अनुसन्धानमा चिनियाँ नागरिकले भिसा प्रणालीको दुरूपयोग गर्दै सन् २०१२ यता १३ पटक व्यावसायिक भिसा लिएको र भिसा प्रयोजनका लागि मात्र ६ वटा कम्पनी दर्ता गरेको खुलेको छ । ती कम्पनी सञ्चालनमा नरहे पनि उनले विभिन्न संस्थामा चिनियाँ भाषा पढाउने र कन्सल्टेन्सी सञ्चालन गर्दै आएको पाइएको छ । ६० वर्षीय अमेरिकी नागरिकमाथि भने अवैध रूपमा बालगृह सञ्चालन गरी क्रिश्चियन धर्म प्रचार गरेको आरोप छ । सरकारी निकायमा दर्ता नगरी १२ जना बालिका राखिएको उजुरीपछि छापा मारिएको विभागले जनाएको छ । अध्यागमन विभागका अनुसार सन् २०२५ मा मात्रै ५ सय १ विदेशी नागरिकलाई नेपालबाट निष्कासन गरिएको छ भने ३६ देशका १ सय ६ जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै प्रवेश अस्वीकृत गरिएको छ ।

# अन्तत १० वर्षको प्रतीक्षापछि आमाको नामबाट नागरिकता

❑ नेस संवाददाता

काठमाडौं – म्याग्दीको बेनी नगरपालिका-७ का समिर खान र यास्मिन बेगमले करिब एक दशकको प्रतीक्षापछि आमाको नामबाट नागरिकता प्राप्त गरेका छन् । जिल्ला प्रशासन कार्यालय म्याग्दीले मंगलबार समिर र यास्मिनलाई आमा मनिरजा बेगमका नामबाट नागरिकता उपलब्ध गराएको हो । नागरिकताका लागि समिरले ११ वर्ष र यास्मिनले ८ वर्षअघि जिल्ला प्रशासन कार्यालयदेखि गृह मन्त्रालयसम्म आवश्यक सबै प्रक्रिया पूरा गरी आवेदन दिएका थिए । सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यका अनुसार नागरिकता ऐन, २०६३ को दोस्रो संशोधन तथा नियमावलीको चौथो संशोधन कार्यान्वयनमा आएपछि उनीहरूलाई आमाको नामबाट नागरिकता प्रदान गरिएको हो । समिर र यास्मिनकी आमा मनिरजा बेगम नेपाली नागरिक हुन् भने उनका श्रीमान् सलिम खान भारतको कलकत्ताका हुन् ।

३४ वर्षअघि विवाह भए पनि मनिरजा बेनीमै शृङ्गार व्यवसाय गर्दै आएकी छन् । उनले विसं २०५२ र २०६४ का निर्वाचनमा मतदान गरेको पनि जनाइएको छ । समिर र यास्मिनको जन्मदर्ता साविक अर्थुङ्गे गाविसमा रहेको छ । उच्च शिक्षा हासिल गरे पनि नागरिकता नहुँदा उनीहरू पेसा-व्यवसाय गर्न, जागिर खान र वैदेशिक रोजगारीमा जानबाट वञ्चित भएका थिए । नागरिकता पाएपछि आफूहरूलाई बल्ल नागरिक भएको अनुभूति भएको उनीहरूको भनाइ छ । नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ राजपत्रमा प्रकाशित भएपछि नागरिकता ऐन २०६३ को व्यवस्था कार्यान्वयनमा आएको हो । यसअघि पुस २९ गते मालिका गाउँपालिका-५ देविस्थानकी २२ वर्षीया सीमा पुनलाई म्याग्दीमै पहिलो पटक आमाको नामबाट नागरिकता प्रदान गरिएको थियो ।












# नेपाल-साउदीबीच श्रम सम्झौता



❑ नेस संवाददाता

काठमाडौं – नेपाल र साउदी अरबबीच लामो समयदेखि प्रतीक्षित श्रम सम्झौता सम्पन्न भएको छ । दुबै देशका श्रम मन्त्रीहरूले हस्ताक्षर गरेको यो सम्झौता अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का मापदण्डअनुसार तयार गरिएको हो ।

नेपालतर्फबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री राजेन्द्रसिंह भण्डारी र साउदी अरबतर्फबाट मानव संशाधन तथा सामाजिक विकास मन्त्री अहमद बिन सुलेमान अलराजीले सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

सम्झौतामा सामान्य श्रमिकका सेवा सुविधा, कामको अवस्था, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, गुनासो व्यवस्थापन र श्रमिक अधिकार संरक्षणलाई प्राथमिकता दिइएको छ । मन्त्री भण्डारीले यसले नेपाल-साउदी श्रम सहकार्यलाई संस्थागत र मजबुत बनाउने विश्वास व्यक्त गरे । नेपाल सरकारले २०७२ सालदेखि घरेलु कामदार साउदी पठाउन रोक लगाएको थियो भने २०७५ सालमा न्यूनतम १३०० रियालभन्दा कममा कामदार नपठाउने नीति लागू गरेको थियो । विगतमा शून्य लागतको प्रस्ताव आए पनि ठोस सहमति हुन सकेको थिएन ।

नयाँ सम्झौताले श्रमिकको तलब सुरक्षा, दोहोरो करारपत्र अन्त्य, अत्यधिक लागत नियन्त्रण, ठगी तथा मानव बेचबिखन रोकथाममा सहयोग गर्ने अपेक्षा गरिएको छ । साथै श्रमिकको न्यायमा पहुँच र रोजगारदाताको जिम्मेवारी स्पष्ट हुने लक्ष्य राखिएको छ ।

# चलचित्र 'प्रवासी जीवन' को गीत सार्वजनिक

❑ नेस संवाददाता

काठमाडौं – अभिनेता राजेश हमाल अभिनित चलचित्र 'प्रवासी जीवन' को पहिलो गीत सार्वजनिक भएको छ । निर्माण पक्षले अमेरिकाको विभिन्न स्थानमा छायाङ्कन गरिएको 'ज्यान भो लट्टाई, चंगा भो मन' बोलको गीत सार्वजनिक गरेको हो । गीतको भिडियोमा श्याम क्षेत्री, एञ्जेला बस्नेत, लोकेश भित्रीकोटी लगायतको अभिनय छ । गीतमा प्रताप दासको स्वर, नवीन कार्कीको संगीत र डीपी खनालको शब्द समावेश छ । चलचित्र नेपालबाट सुनौलो भविष्य खोजिमा अमेरिका पुगेका नेपालीले स्थायित्वका लागि गर्ने संघर्षमा आधारित रहेको छ ।

श्याम क्षेत्री र राम अधिकारीको संयुक्त निर्देशनमा बनेको यो चलचित्रमा अभिनेता हमालसँगै सरिता लामिछाने, बुद्धी तामाङ, महादेव त्रिपाठी, एञ्जेला बस्नेत, गगन सुवेदी, लोकेश भित्रिकोटी, दिव्या




न्यौपाने, अबिगेल लुहार, प्रासु गिरी, शिखा अधिकारीको अभिनय रहेको छ । 'सिजल एन्ड सिस्टर फाउन्डेसन फर नेपाल'को सहकार्यमा बनेको फिल्मलाई अमृत बिसुवाले खिचेका हुन् । फिल्म फागुन १५ देखि प्रदर्शनमा आउँदै छ ।

# माउन्ट एभरेष्ट तेक्वान्दोमा विश्व नजर

❑ नेस संवाददाता

काठमाडौं – चौथो माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय तेक्वान्दो च्याम्पियनसिपको तयारी तीव्र रूपमा भइरहेको छ । नेपाल तेक्वान्दो संघले फागुन १ देखि ६ गतेसम्म काठमाडौंमा हुने प्रतियोगितालाई सभ्य र भव्य रूपमा आयोजना गर्न तयारी अघि बढाएको हो ।

संघले प्रकाशशम्शेर राणाको संयोजकत्वमा सात सदस्यीय मूल आयोजक कमिटी गठन गरिसकेको छ भने अन्य उपसमितिहरू पनि गठन भइरहेका छन् । प्रतियोगिता त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सञ्चालन हुनेछन् । च्याम्पियनसिपमा दक्षिण एसियाका सात देशसहित




करिब १५ देशको सहभागिता रहने जनाइएको छ । प्रतियोगितामा करिब १ हजार ६ सय खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । यस च्याम्पियनसिपलाई विश्व तेक्वान्दो महासंघले मान्यता दिएको छ ।

# रोजाइमा परेपछि जता जाउ, उतै नेपाली विद्यार्थीहरू

❑ नेस संवाददाता

टोकियो – जापानका 'कन्भिनियन्स स्टोर' (सामुदायिक पसल) हरूमा विदेशी विद्यार्थीहरू अपरिहार्य बन्दै गएका छन् । तर, जापानको विद्यमान आवासीय प्रणालीका कारण यी दक्ष र लगनशील विद्यार्थीहरूले अध्ययन पूरा गरेपछि पनि ती स्टोरहरूमा पूर्णकालीन कर्मचारी वा स्टोर म्यानेजर जस्ता माथिल्लो ओहोदामा काम गर्न पाउने बाटो भने अझै बन्द छ ।

हालैका वर्षहरूमा जापानमा नेपाली विद्यार्थीहरूको संख्या ह्वात्तै बढेको छ । तथ्याङ्क अनुसार सन् २०२४ मा नेपाली विद्यार्थीको संख्या ७१ दशमलव १ प्रतिशतले बढेर ६४ हजार ८ सय १६ पुगेको छ, जुन चिनियाँ विद्यार्थीपछि दोस्रो ठूलो संख्या हो । जापानका तीन ठूला स्टोर चेनहरू फेमिली मार्ट, सेभेन-इलेभेन र लसनमा काम गर्ने विदेशीहरूमा नेपालीहरू नै सबैभन्दा बढी छन् । नेपालमा शिक्षक पेशा छाडेर जापान पुगेकी २३ वर्षीया अमृता पौडेल यसको एक प्रतिनिधि पात्र हुन् । सूचना प्रविधि अध्ययनरत उनी भन्छिन्, 'जापान सुरक्षित छ र यहाँ सिक्नका लागि धेरै कुरा छन् । स्टोरमा काम गर्दा जापानी भाषा र सञ्चार शैली सुधार्न ठूलो मद्दत पुग्छ ।'

टोकियोका स्टोर सञ्चालक शोइची मात्सुमोतोका अनुसार, पछिल्लो समय जापानी युवाहरू स्टोरको काममा आकर्षित हुन छाडेका छन् । 'विदेशी विद्यार्थीहरू अत्यन्तै मेधावी र अनुशासित छन्,' उनी भन्छन् । एकजना नेपालीले काम राम्रो पाएपछि आफ्ना साथीभाइ र आफन्तलाई पनि सोही ठाउँमा काम लगाउने गरेकाले विगत तीन वर्षदेखि कर्मचारी भर्नाका लागि विज्ञापनमा एक पैसा पनि खर्च गर्नुपरेको छैन ।

स्टोरहरूमा कामको चाप बढी हुनु तर ज्याला (करिब १,२६८ येन प्रतिघण्टा) अन्य क्षेत्रको तुलनामा कम हुनुले जापानीहरू यो कामबाट टाढिँदै गएका छन् । अर्कोतर्फ, जापानको एसएसडब्लु प्रणालीमा कन्भिनियन्स स्टोर क्षेत्र सूचीकृत छैन । यसले गर्दा विदेशी विद्यार्थीहरूले स्नातक गरेपछि पनि स्टोर म्यानेजर जस्ता पदमा पदोन्नति हुन वा वर्क भिसा पाउन कानूनी कठिनाइ भोगिरहेका छन् ।

मुसाशी विश्वविद्यालयका अर्थशास्त्री नाओकी सुचिया भन्छन्, 'विदेशी विना अब जापानका सुविधा पसलहरू चल्नै नसक्ने अवस्थामा पुगेका छन् ।' त्यस्तै, विश्लेषक तोमोमी नागाई चेतावनी दिन्छिन् कि यदि जापानले आफ्नो भिसा प्रणालीमा सुधार नगर्ने र विदेशीहरूलाई उचित पद र पारिश्रमिक नदिने हो भने, भविष्यमा जापान विदेशी कामदारको रोजाइमा पर्ने छैन । 'सधैंभरि सस्तोमा विदेशी कामदार प्रयोग गर्ने युग अब समाप्त भएको छ,' नागाईले भनिन् ।

OUR SERVICES
• Real Estate (नेपाली फुदोउसान)
• Restaurant Business
• Halal Food Business
• Money Express
• Travel & Tour Agency
• Manpower Agency
• Education Consultant
• Visa Consultant
• Tax Accountant
• Vehicle Export & Import Agency
• Rafting / Wifi & Sim

株式会社 EVEREST TRADE
(नेपाली फुदोउसान)
सस्तो कोठा भाडामा, घर तथा रेष्टुरेन्ट खरिद बिक्रि गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला
Tel : 03-5937-0506 Fax: 03-5937-0937
• 080-9665-0800 Shiba Poudel
• 090-3085-0265 / 080-9172-2200 Poudel Bikash
• 080-4292-1619 / 080-8815-8839 Yamaguchi
• 080-2556-8115 Poudel Ishwor
Google Maps Facebook Website
〒169-0073
東京都新宿区百人町2-4-5ライオンズマンション新大久保604
Lions Mansion Shinokubo 604, Hyakunincho 2-4-5 Shinjuku, Tokyo
Tel: 03-5937-0506, 03-5937-0937 Fax: 03-5937-0937

KANTIPUR BOUTIQUE JAPAN
विवाह, ब्रतबन्ध, एनिभर्सरी, पास्नी लगायतका पार्टीहरुका लागि आवश्यक पर्ने साडी, कुर्था, लेह्गा तथा दौरा-सुरुवाल, ढाकाटोपी जस्ता नेपाली-इण्डियन सामान सुपथ मूल्यमा उपलब्ध गराईन्छ । साथै ढाकाको खादा तथा ब्याच लगायतका सामग्री पनि उपलब्ध छ ।
03-6908-6670
090-9139-9735
facebook.com/kantipurboutique
KANTIPUR BOUTIQUE
Mausam Internatonal Co. Ltd.
2-4-5 (706) Hyakunincho, Shinjuku-Ku, Tokyo
(Only 30 Second From JR Shin-Okubo Station)



तपाईंको स्वागतका लागि ओकुबोमा अमरदीप
AMARDEEP
स्वादिष्ट भोजनले सामिप्यता बढाउँछ
पारिवारिक वातावरणमा स्वादिष्ट भोजन सहितको भेटघाट, बैठक, जन्मदिन, पास्नी, विदाइजस्ता कार्यक्रमहरु गर्नुपरेमा वा आतिथ्य सत्कारका लागि आफ्ना छोरीज्वाँई, चेलीबेटी लगायतका पाहुनालाई खुवाउन परेमा हामीलाई सम्झनुहोस् । १२ जनासम्मको बैठकका लागि छुटै मिनी रुमको व्यवस्था पनि उपलब्ध छ । यहाँहरुको बसाइ र भेटघाटलाई अविस्मरणीय बनाउन अर्डर अनुसार खाना तयार गरिन्छ ।
INDIAN NEPALI RESTAURANT
AMARDEEP
2 Min. Walk from JR Okubo Station (South Exit)
1-24-9 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Business Hours 11:00~24:00
TEL 03-3362-9772
Mob 080-5918-4360
090-9859-2029

दशकौंको अनुभवसहित यहाँहरूको सेवामा हाजिर छौं।
बाबुआमा वा अरू कोही आफन्तलाई भिजिट भिसामा जापान घुम्न बोलाउन चाहानुहुन्छ भने डकुमेन्ट सपोर्टका लागि हामीलाई सम्झनुहोला।
080-4150-5314 (Viber OK)
2-14-4 Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel/Fax: 03-5937-5314
info@gmt-intl.com



# भू-राजनीतिको ...

»» पृष्ठ १ को बाँकी

**देखियो, अहिले प्रहरी अलि डिफेन्सिभ भएको हो ?**
हो, २३-२४ गतेको घटनामा प्रहरीमाथि ठूलो क्षति पुगेको छ । प्रहरी मारिएका छन्, कार्यालयहरूमा आगजनी भएको छ र सबैभन्दा संवेदनशील कुरा-हतियारहरू लुटिएका छन् । यस्तो ठुलो मार परेपछि कुनै पनि सुरक्षा संगठनलाई फेरि रिकभर हुन र लयमा फर्कन समय चाहिन्छ । विगतका निर्वाचनहरूमा तयारीका लागि पर्याप्त समय हुन्थ्यो, तर अहिले त्यो समय निकै छोटो छ । अहिलेको प्रहरी अलि रक्षात्मक र कम रियाक्टिभ देखिएको छ । प्रहरीका अधिकारीहरूसँगको बहसमा पनि यो कुरा झल्किन्छ । हतियार बाहिर हुनु र प्रहरीको मनोबल केही कमजोर देखिनुले निर्वाचन सुरक्षालाई संवेदनशील बनाएको छ । यस्तो अवस्थामा प्रहरीले आफूलाई छिटोभन्दा छिटो पुनर्गठित गर्नुपर्ने चुनौती छ, जुन निकै कठिन कार्य हो ।

**अहिले नेपाल भू-राजनीतिक हिसाबले निकै जोखिमपूर्ण बिन्दुमा पुगेको चर्चा छ, के वैदेशिक शक्तिहरूको चलखेलले नेपालको आन्तरिक सुरक्षा र निर्वाचनलाई प्रत्यक्ष प्रभाव पारिरहेको छ ?**
नेपाल सधैं भू-राजनीतिक चासोको केन्द्रमा रहने देश हो । अहिले विश्व मल्टिपोलर अवस्थामा छ । पश्चिमाहरूको सबैभन्दा ठूलो चासो चीनलाई घेर्नमा छ र त्यसका लागि नेपाल एउटा महत्वपूर्ण थलो बन्न सक्छ । अर्कोतर्फ भारतको आफ्नै सुरक्षा चासोहरू छन् । नेपालका राजनीतिक दलहरूभित्रै विदेशी शक्तिको प्रभाव र ध्रुवीकरण यति गहिरो छ कि उनीहरूका हरेक निर्णयमा विदेशी सरकार झल्किन्छ । कम्बोडिया र थाइल्याण्ड जस्ता देशमा क्षेत्रीय शक्तिहरूले अमेरिकाको दबाबलाई चिरेर आफ्नो प्रभाव जमाएको हामीले देख्यौं । नेपालको सन्दर्भमा पनि भारत र चीनका चासोहरू थपिएका छन् । जब समाजमा अराजकता बढ्छ र दण्डहीनताले सीमा नाघ्छ, विदेशी शक्तिहरूलाई यहाँ खेल्ने उपयुक्त वातावरण मिल्छ । अहिलेको यो ध्रुवीकरण निर्वाचनमा पनि स्पष्टै देखिने सम्भावना छ ।

**सामाजिक सञ्जालमा हुने सूचनाको प्रवाह अहिले सुरक्षाका लागि ठुलो चुनौती बनेको छ, फेक न्युज र मिस-इन्फर्मेसनले निर्वाचनलाई कति प्रभाव पार्ला ?**
सामाजिक सञ्जाल अहिले निकै अराजक मोडमा छ । मिथ्या सूचना र अफवाह यति चाँडो फैलिन्छन् कि देशका सर्वोच्च पदमा रहेका व्यक्तिहरूलाई समेत साँचो र झुटो छुट्याउन गाह्रो भइरहेको छ । अस्ट्रेलिया र फ्रान्स जस्ता विकसित देशहरूले समेत सामाजिक सञ्जाललाई नियमन र नियन्त्रण गर्ने कानूनहरू ल्याइरहेका छन् । हाम्रो जस्तो कमजोर साक्षरता र सूचनाको पहुँच भएको देशमा त झन् अफवाहले क्षणभरमै दंगा निम्त्याउन सक्छ । निर्वाचनको समयमा कुनै एउटा सानो गलत सूचनाले ठुलो हिंसा भड्काउन सक्छ । त्यसैले यसको नियमन अहिलेको सुरक्षा रणनीतिको अनिवार्य हिस्सा हुनुपर्छ, जसमा हाम्रो राज्य अझै चुकेको देखिन्छ ।

**झापा-५ अहिले देशकै ध्यान खिच्ने केन्द्र बनेको छ, त्यहाँ केपी ओली र बालेन शाहको धारबीचको टकरावलाई कसरी विश्लेषण गर्नुहुन्छ ?**
झापा ५ अहिले दुईवटा फरक राजनीतिक चिन्तन र व्यक्तित्वको लडाइँको मैदान बनेको छ । एकातिर केपी ओली नेतृत्वको स्थापित सत्ता राजनीति छ भने अर्कोतर्फ बालेन शाहको विद्रोही धार । यो लडाइँमा एजेण्डा भन्दा पनि गालीगलौज र निषेधको राजनीति हाबी भएको छ । सबैभन्दा डरलाग्दो कुरा के हो भने, यदि कुनै पक्षले आफू हार्ने निश्चित महसुस गर्‍यो भने त्यहाँका मतदान केन्द्रहरूमा अवरोध पुर्‍याउने सम्भावना रहन्छ । विगतमा चितवन र बाजुरामा भएका घटनाहरू यसका उदाहरण हुन् । झापाका करिब ३ सय मतदान केन्द्रलाई प्रहरीले रेड जोनमा राख्नुको अर्थ पनि त्यही हो । हतियार बाहिर हुनु र दुवै पक्षका कार्यकर्तामा देखिएको प्रतिशोधको भावनाले त्यहाँको सुरक्षा अवस्थालाई निकै चुनौतीपूर्ण बनाएको छ ।

**तपाईले भन्नुभयो कि राजनीतिक दलहरू चुनावलाई लिएर ढुक्क छैनन्, कतै यो निर्वाचन नै सर्ने वा स्थगित हुने खेलमा त ठूला दलहरू लागिरहेका छैनन् ?**
चुनाव सार्ने चर्चा अहिले निकै व्यापक छ । कतिपयले हिमाली क्षेत्रको सुरक्षा र भौगोलिक कठिनाइको बहाना बनाइरहेका छन् भने कतिपयले आन्तरिक सुरक्षाको अवस्थालाई देखाएका छन् । राजनीतिक दलहरूमा एउटा ठूलो डर छ- उनीहरू जनताको बीचमा जान डराइरहेका छन् । जब ठूला नेताहरूलाई आफू पराजित हुने डर लाग्छ, उनीहरूले निर्वाचन सार्ने बहाना खोज्छन् । सर्वोच्च अदालतको फैसलाको प्रतीक्षा र राजनीतिक अन्योलले पनि निर्वाचनको भविष्यमाथि प्रश्न उठाइरहेको छ । यदि निर्वाचन २१ गते नै भयो भने पनि सबै क्षेत्रमा एकैनासको वातावरण नहुन सक्छ, जुन लोकतन्त्रका लागि राम्रो संकेत होइन ।

**मधेस प्रदेशमा अहिले नयाँ र पुराना शक्तिहरूबीच ठूलो प्रतिस्पर्धा देखिन्छ, बालेन शाहको क्रेज र गगन थापाको मधेस आगमनले त्यहाँको सुरक्षा र राजनीतिमा कस्तो फेरबदल ल्याउला ?**
मधेस सधैं नेपालको राजनीतिको निर्णायक थलो हो । पछिल्लो जनगणना अनुसार देशको करिब ५३ प्रतिशत जनसंख्या त्यही क्षेत्रमा छ, त्यसैले सरकार बनाउन मधेसको भोट निर्णायक हुन्छ । विगतमा काँग्रेसको गढ मानिएको मधेस बिचमा केही बिच्किएको थियो, जसलाई गगन थापाले पुनर्जीवित गर्न खोज्नुभएको छ । तर, अहिले मधेसमा बालेन शाहको जुन किसिमको आकर्षण देखिएको छ, त्यो निकै गहिरो छ । मधेसका बसहरूको पछाडि बालेनको फोटो र बालेन सिटी लेखिएको देखिनुले त्यहाँका युवा पुस्तामा देखिएको नयाँ परिवर्तनको भोकलाई दर्शाउँछ । यो नयाँ क्रेजले पुराना दलहरूलाई विस्थापित गर्ने डर पैदा गरेको छ, जसले गर्दा चुनावी प्रतिस्पर्धा स्वस्थ भन्दा पनि बढी तनावपूर्ण हुने देखिन्छ ।

**गिरिबन्धु टि-स्टेट, नक्कली भुटानी शरणार्थी र सुन काण्ड जस्ता ठूला मुद्दाहरूमा छानबिन गर्न आयोगहरू बन्छन्, तर परिणाम शून्य जस्तै हुन्छ, के यी आयोगहरू केवल जनताको आँखामा छारो हाल्न मात्र बनाइएका हुन् ?**
नेपालमा छानबिन आयोग बन्नु भनेको तत्कालको सार्वजनिक आक्रोशलाई साम्य पार्ने एउटा सेफ्टी भल्भ जस्तै भएको



छ । २०४६ सालदेखि अहिलेसम्मका दर्जनौं आयोगहरूको इतिहास हेर्ने हो भने अधिकांशका प्रतिवेदनहरू दराजमै थन्किएका छन् । आयोगले छानबिन गरेर प्रतिवेदन सरकारलाई बुझाउँछ, सरकारले महान्यायाधिवक्ताको कार्यालयमा पठाउँछ र त्यहाँबाट प्रमाण नपुगेका भन्दै मुद्दा अगाडि बढाइँदैन । यो एउटा चक्र जस्तै बनेको छ । जनतालाई केही हुँदैछ भन्ने भ्रम दिने र कालान्तरमा ती मुद्दाहरूलाई राजनीतिक लेनदेनको विषय बनाएर सामसुम पार्ने काम भइरहेको छ । यसले गर्दा राज्यका संस्थाहरू र न्याय प्रणालीमाथिको जनविश्वास दिनानुदिन घट्दै गइरहेको छ ।

**प्रहरी संगठनभित्रै काम गरेका पूर्व उच्च अधिकारीहरू अहिले राजनीतिमा होमिएका छन् । कसैले यसलाई सेफ ल्यान्डिङ भन्छन् त कसैले बदमासी लुकाउने ठाउँ, तपाई यसलाई कसरी हेर्नुहुन्छ ?**
प्रहरी वा कर्मचारीतन्त्रबाट अवकाश पाएपछि राजनीतिमा आउनु आफैमा नराम्रो होइन, तर आउनुको उद्देश्य के हो भन्ने कुरा महत्वपूर्ण हुन्छ । इतिहासले देखाएको छ कि कतिपय व्यक्तिहरू आफूले पदमा रहँदा गरेका गल्तीहरू लुकाउन वा राजनीतिक संरक्षण पाउन दलहरूमा प्रवेश गर्छन् । अर्कोतिर, संगठनमा वर्षौंसम्म सिकेको अनुशासन र विज्ञतालाई राजनीतिमा प्रयोग गर्नेहरू पनि छन् । तर, पछिल्लो समय प्रहरीका पूर्व अधिकारीहरूले जुन किसिमको लो-लेभलको भाषणबाजी र राजनीतिक स्टन्ट गरिरहेका छन्, त्यसले प्रहरी संगठनकै गरिमामा आँच पुर्‍याएको छ । यसले संगठनभित्र कार्यरत कर्मचारीहरूमा पनि राजनीतिक मोह बढ्ने खतरा पैदा गरिदिएको छ ।

**अन्त्यमा, नेपालको वर्तमान सुरक्षा र राजनीतिक भविष्यलाई कसरी लिनुभएको छ ? आम नागरिकले निर्वाचनको सन्दर्भमा के बुझ्न जरुरी छ ?**
नेपाल अहिले निकै जटिल र संक्रमणकालीन अवस्थामा छ । भू-राजनीतिक दबाब र आन्तरिक अराजकताको बिचमा देश फसेको छ । राजनीतिक दलहरूसँग स्पष्ट भिजन र एजेण्डा नहुनु नै अहिलेको सबैभन्दा ठूलो समस्या हो । निर्वाचनले मात्र सबै समस्याको समाधान दिन्छ भन्ने छैन, किनकि राजनीतिक नेतृत्वले अझै पनि गम्भीरता देखाएको छैन । आम नागरिकले के बुझ्न जरूरी छ भने, निर्वाचन एउटा अवसर हो तर यो केवल भोट हाल्ने कुरा मात्र होइन । समाजलाई अनुशासित र दण्डहीनतामुक्त बनाउन नागरिक आफै सचेत हुनुपर्छ । आन्दोलनका चक्रहरू अझै बाँकी छन्, त्यसैले आगामी दिनहरू अझै चुनौतीपूर्ण हुन सक्छन् । राज्यले सुरक्षा संयन्त्रलाई राजनीतिक प्रभावबाट मुक्त राखेर काम गर्न दिनुपर्छ, अन्यथा निर्वाचनको निष्पक्षतामा सधैं प्रश्न उठिरहनेछ ।

# मांसपेशी शिथिलिकरण विधि : तनाव घटाउने सरल र प्रभावकारी उपाय



प्रा. डा. खाचुदा योशिआकी

टोकियो – व्यस्त दिनचर्या, कार्यालयको दबाब, पारिवारिक जिम्मेवारी, आर्थिक चिन्ता तथा मानसिक दबाबका कारण धेरै व्यक्तिले अनजानमै शरीरमा अतिरिक्त भार वहन गरिरहेका हुन्छन् । यस्तो अवस्थामा शरीरका मांसपेशीहरू स्वाभाविक रूपमा कडा हुन्छन् जसले थकान बढाउने, टाउको दुख्ने, निद्रा नलाग्ने, चिडचिडापन हुने र चिन्ता थपिने समस्या निम्त्याउन सक्छ । विज्ञहरूका अनुसार तनावको असर केवल मानसिक रूपमा होइन, शारीरिक रूपमा पनि स्पष्ट देखिन थाल्छ । यस्तो बेलामा शरीरलाई सहज बनाउन मद्दत गर्ने अभ्यासमध्ये एउटा सरल र प्रभावकारी उपाय हो मांसपेशी शिथिलिकरण विधि ।

यो विधि रिल्याक्सेसन अभ्यासहरूको प्रतिनिधि तरिकामध्ये एक मानिन्छ । जब हामी तनाव वा चिन्तामा हुन्छौं, तब थाहा नपाई शरीरका कुनै न कुनै भागमा अनावश्यक रूपमा बल लाग्छ । जापानमा यसलाई सामान्य भाषामा 'काँधमा बल पर्छ' भनेर व्यक्त गरिन्छ । तर शरीरका मांसपेशीमा तनाव जम्ने कुरा जापान वा कुनै एक देशको मात्र नभई संसारभर सामान्य समस्या हो । मांसपेशीमा परेको अनावश्यक बल हटाउन सकिएमा शरीर हलुका हुन्छ, मन शान्त हुन्छ र तनाव तथा चिन्ताको सामना गर्न सहज हुन्छ ।

तर व्यवहारमा 'बल नलगाऊ' भनेर मात्र भन्नु वा सोच्नु पर्याप्त हुँदैन । धेरै मानिसले चाहँदैमा आफ्नो तनाव तुरुन्त हटाउन सक्दैनन् । यही कारण तनाव लामो समयसम्म कायम रहन्छ । यस्तो अवस्थालाई ध्यानमा राख्दै विकसित गरिएको अभ्यास विधि हो पहिले मांसपेशीलाई केही क्षण बलियोसँग कसेर राख्ने, त्यसपछि एक्कासि छोड्ने तरिका । यसले शरीरलाई स्पष्ट रूपमा 'कसिएको र खुलेको' महसुस गराउँछ जसले गर्दा मांसपेशीलाई सहज अवस्थामा फर्काउन सहयोग गर्दछ ।

यो विधिलाई अमेरिकी चिकित्सक तथा फिजियोलोजी विशेषज्ञ जेकबसनले व्यवस्थित रूपमा विकास गरेका हुन् । यसलाई अंग्रेजीमा Progressive Muscle Relaxation (PMR) भनिन्छ । सरल र सजिलै सिक्न सकिने भएकाले यो अभ्यास तनाव व्यवस्थापनका लागि विश्वभर लोकप्रिय मानिन्छ ।

**कसरी गर्ने मांसपेशी शिथिलिकरण अभ्यास ?**
यो अभ्यास गर्नका लागि शान्त वातावरण आवश्यक हुन्छ । कुर्सीमा आरामसँग बसेर वा ओछ्यानमा पल्टेर पनि गर्न सकिन्छ । अभ्यास सुरु गर्दा आफ्नो शरीर सहज अवस्थामा राख्नु महत्वपूर्ण हुन्छ । सबैभन्दा पहिले, बिस्तारै सास फेर्दै दुबै हातलाई करिब ५ सेकेन्डसम्म बलियोसँग कस्ने । त्यसपछि एक्कासि बल छोड्ने । बल छुटेपछि हात हलुका, ढिलो-ढिलो न्यानो र आराम भएको अनुभूतिमा करिब १० सेकेन्ड ध्यान दिने । यही प्रक्रिया क्रमसँग शरीरका अन्य भागमा पनि दोहोर्‍याउन सकिन्छ, जस्तै हात, काँध, अनुहार, खुट्टा लगायतका भागहरूमा ।

विशेषज्ञहरूका अनुसार यो अभ्यास गर्दा 'दुख्ने गरी' बल लगाउनु आवश्यक हुदैन । करिब ७० प्रतिशत जति बल लगाए पुग्छ । यसरी नियमित रूपमा अभ्यास गर्दा मांसपेशीको कडापन कम हुँदै जान्छ र शरीरलाई आराम महसुस हुन्छ जस्ले गर्दा मानसिक स्वास्थ्यमा पनि सुधार गर्दछ । तनाव व्यवस्थापनको लागि यस अभ्याससँग सम्बन्धित भिडियो सामग्री पनि इन्टरनेटमा सजिलै उपलब्ध छन् ।

**(प्रा. डा. खाचुदा खान्साइ युनिभर्सिटी अफ सोसल वेल्फेयर इण्डष्ट्रियलका हेल्थ कल्सल्ट्यान्ट हुन्)**

# जापानमा ...

»» पृष्ठ १ को बाँकी

शान्तिबादी संबिधान लागू गरिदियो जसले जापानलाई युद्ध गर्न मात्र हैन परम्परागत सेना राख्न समेत बन्देज लगायो । जापानको सुरक्षाको जिम्मा अमेरिकाले लियो र जापानी फौजलाई सेल्फ डिफेन्स फोर्समा सीमित गरिदियो । तर एक्काइसौं शताब्दीमा समय फेरिएको छ । चीन अहिले आर्थिक र सैन्यरूपमा शक्तिशाली बनेको छ । र उसले समुद्रका विभिन्न टापूहरूमा आफ्नो दाबी गर्दै जापानप्रति आत्रामक नीति लिएको छ ।

ताकाइचीले जापानी जनताको मनमा रहेको असुरक्षाको भावनालाई बुझिन् । उनले स्पष्ट भनिन्- यदि चीनले ताइवानमा नाकाबन्दी लगाउँछ भने जापानको अस्तित्व खतरामा पर्ने छ, यस्तो अवस्थामा जापान चुप लागेर बस्ने छैन । उनको यो एउटै भनाईले बेइजिङ्मा हलचल मच्चायो । ओसाकामा रहेको चीनको कन्सल्ट जेनेरल स्युजिआनले त सामाजिक सञ्जालमा ताकाइचीको फोहोरी घाँटी छिनाउनेसम्मको धम्की दिए । जतिजति चीनले ताकाइचीलाई गाली गऱ्यो उति नै जापानी जनतामा ताकाइचीप्रतिको समर्थन बढ्दै गयो । जापानीहरूले उनलाई एक यस्तो निडर नेताको रूपमा हेरे जसले चीनको दादागिरीको अगाडि घुँडा टेकिनन् । यो विवादमा अमेरिका पनि तानियो, चीनिया राष्ट्रपती सि जिङ पिङले




अमेरिकी राष्ट्रपती डोनाल्ड ट्रम्पसंगको फोनवार्तामा ताकाइचीको टिप्पणीबारे गुनासो गरेका थिए । त्यसपछि ट्रम्पले ताकाइचीलाई फोन गरेर चीन बारे उग्र टिप्पणी नगर्न आग्रह गरे । तर रोचक कुरो के भयो भने ट्रम्पको यो आग्रहले जापानमा ताकाइचीलाई झन फाइदा पुग्यो । जापानी जनताले महशुस गरे कि ताकाइची आफ्नै सहयोगी देशको दबाबमा पनि झुक्दिनन् । पछि चुनावको केही दिन अगाडि मात्र ट्रम्पले पनि ताकाइचीको समर्थन गर्न बाध्य भए । यसले के देखाउँछ भने ताकाइचीले अन्तर्राष्ट्रिय राजनीतिमा आफ्नो एउटा बलियो स्थान बनाईसकेकी छिन् । चीन बिरोधी राष्ट्रबादसंगै उनले अर्को एउटा मुद्दालाई पनि बलियोसंग समातेकी छिन् । त्यो हो आप्रवासी विरोधी नीति । जापान अहिले न्युन जन्मदर र बूढ्यौलो जनसंख्याको समस्यासंग जुधिरहेको छ । काम गर्ने जनशक्तिको अभाव भए पनि ताकाइचीले पश्चिमा देशहरूमा जस्तो आप्रवासीहरूलाई खुल्ला प्रवेश दिनु हुँदैन भन्ने अडान राखेकी छिन् । यसले जापानको सॉस्कृतिक पहिचान जोगाउन चाहने परम्पराबादी मतदाताहरूलाई आकर्षित गऱ्यो ।

सानाय ताकाइचीको ब्यक्तित्व आफैमा एउटा ठूलो चर्चाको विषय हो । उनी बेलायतकी पूर्व प्रधानमन्त्री मार्ग्रेट थ्याचरलाई आफ्नो आदर्श मान्छिन् । थ्याचरलाई आइरन लेडी भनिन्थ्यो । ताकाइची पनि त्यस्तै बन्न चाहन्छिन् । उनले सार्बजनिक कार्यक्रममा थ्याचरले जस्तै छालाको ठूलो झोला बोक्ने गर्छिन् । उनको कार्यशैली निकै कठोर छ । उनी दैनिक मुश्किलले २ देखि ४ घण्टा निदाउँछिन् । गत नोवेम्वरमा उनले एकाबिहानै ३ बजे बैठक राखेर आफ्ना कर्मचारीलाई अचम्ममा पारेकी थिईन् । कतिपयले यसलाई कर्मचारीमाथिको अत्याचारको संज्ञा दिए पनि धेरैलै यसलाई उनको कामप्रतिको निष्ठाकोरूपमा ब्याख्या गरे । राजनैतिकरूपमा ताकाइची कट्टर दक्षिणपन्थी र परम्पराबादी हुन् । जापान जस्तो आधुनिक देशमा पनि उनी महिला अधिकारसंग सम्बन्धित केही मुद्दाहरूमा बिमति राख्छिन् । उदाहरणका लागि जापानका बिबाहित जोडीले एउटै थर राख्नुपर्ने कानूनी प्रावधान छ । धेरै महिलाहरूले आफ्नै थर राख्नुपर्ने माग गरिहरेका छन् तर ताकाइची यसको विपक्षमा छिन् । त्यस्तै उनी राजाको छोरी राजगद्दीमा बस्न पाउनुपर्छ भन्ने मामिलामा पनि बिरोधमा छिन् । उनी भन्छिन्- 'परम्परालाई भत्काउनु हुँदैन ।' उनको यो बिरोधासपूर्ण छबि छ, उनी देशको पहिलो महिला प्रधानमन्त्री त हुन् तर उनी उदारबादी महिला अधिकारको पक्षमा छैनन् । आर्थिक नीतिको कुरा गर्दा ताकाइची आफ्ना राजनीतिक गुरू शिन्जो आबेको लाइनमा छिन् । सन् २०१२ मा आबेले ल्याएको आबेनोमिक्सले जापानको अर्थतन्त्रलाई गति दिने प्रयास गरेको थियो । ताकाइचीले पनि त्यहि नीति अर्थात मौद्रिक बिस्तार, लचक वित्तिय नीति र संरचनागत सुधारलाई निरन्तरता दिने बताएकिछिन् । यद्यपी उनी मार्ग्रेट थ्याचरको जस्तो सानो सरकार र कम खर्चको पक्षमा भने छैनन् । उनी चाहन्छिन कि सरकारले अर्थतन्त्रमा माग बढाउन ठूलो लगानी गरोस् । झण्डै चार दशकदेखि सुस्ताएको जापानको आर्थिक बृद्धिलाई ताकाइचीले गति दिने अपेक्षा जापानी जनताहरूमा रहेको छ । ताकाइचीका लागि अबको बाटो सहज भने पक्कै छैन । तल्लो सदनमा दुईतिहाई बहुमत हासिल गरेपछि अब उनले माथिल्लो सदनको अवरोधलाई पनि बेवास्ता गर्दै संबिधान संशोधन गर्ने हिम्मत गर्न सक्छिन् । यदि उनले जापानको शान्तिबादी संबिधान संशोधन गरेर एउटा पूर्णसैन्य शक्ति निर्माण गरिन् भने यसले विश्व राजनीतिमा ठूलो हलचल ल्याउने छ । के ताकाइचीको उदयसंगै जापान फेरि सैन्य शक्ति राष्ट्र बन्ला ? के उनको चीनप्रतिको आत्रामक नीतिले युद्ध निम्त्याउला ? कि शान्ति स्थापना गर्ला ? यो त समयले नै बताउने छ । तर एउटा कुरा भने पक्का छ, जापानमा सानाय ताकाइची युगको सुरूवात भने भईसकेको छ ।




Published by: GMT International Co. Ltd., 2-14-4 Hyakunincho, Shinjuku, Tokyo 169-0073, Tel/Fax: 03-5937-5314, Mobile: 080-4150-5314 (Viber Ok)
www.gmt-intl.com, www.samudrapari.com, Email: newspaper@gmt-intl.com, Editor in Chief: Tilak Malla, Designed By: Sagar Khadka